**नेपाली / *NEPALI***

**कर्मचारी प्रशंसा आइसक्रिम कार्यक्रमले दोस्रो र तेस्रो शिफ्ट कर्मचारीहरूलाई सम्मान दिने**

रातीको आइसक्रिम कार्यक्रमले *UW–Madison* का दोस्रो र तेस्रो शिफ्ट कर्मचारीहरूको कडा परिश्रम र योगदानको सम्मान गर्नेछ। बुधवार, जुन २९, राती १०:३० बजेदेखि - १:३० बजेसम्म, वा नसक्किउञ्जेल, *Gordon Dining and Events Center* र *Dejope Residence Hall (Lake Mendota Room)* मा क्याम्पसका अगुवाहरूले निःशुल्क आइसक्रिम वितरण गर्नेछन्।

कार्य युनिट र सुपरभाईजरहरूले व्यवसायिक परिचालनहरूमा रोकावट नआउनका लागि अगाडि नै योजना बनाएर, कर्मचारीहरूलाई आइसक्रिम कार्यक्रममा उपस्थित हुन अनुमति दिन लचिलोपन प्रदान गर्ने अपेक्षा गरिएको छ। कर्मचारीहरू कार्यक्रमको समयमा कुनै पनि समयमा आउन सक्दछन्। *Gordon Dining and Events Center* को लागि *Lot 91* र *Dejope Residence Hall* को लागि *Lot 35, 37* र *58* मा सहभागीहरूका लागि नि:शुल्क पार्किङ्ग उपलब्ध हुनेछ।

सबै आइसक्रिम पहिल्यै बनाईएको कपहरूमा राखेर बाँडिनेछ। ग्लुटेन, जेलाटीन, दुधदही, अण्डा र चिनी बिनाको आइसक्रिमहरू दुवै ठाउँहरूमा उपलब्ध हुनेछन्।